"हरित नगर, समृद्ध दमक"
# दमक नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
दमक-झापा
१ नं. प्रदेश, नेपाल

☎ : ०२३-५८००४४, ५८०१३७
५८०५०२, ५८१०५३
फ्याक्स नं. : ०२३-५८०१४६
www.damakmun.gov.np
info@damakmun.gov.np

प.सं.
च.नं. २६५१

## दमक नगर युवा स्वरोजगार कोषको ऋण लिन चाहने व्यक्तिहरुका लागि आवेदन फाराम सम्बन्धी सूचना

यस नगरपालिकाबाट संचालित युवा स्वरोजगार कोषले रोजगार एवंम् स्वरोजगार मूलक व्यवसायको माध्यमबाट शिक्षित, अर्धशिक्षित तथा बेरोजगार युवाहरुलाई मुलुकभित्र रोजगारीको अवसर सिर्जना गर्न, विदेशबाट फर्केका युवा युवतीहरुको सीप र कार्यदक्षता लाई उपभोग गर्दै स्वरोजगार बनाउन, लक्षित वर्गको उद्यमशील क्षमताको विकास गर्न, परम्परागत सीप र पेशालाई आधुनिकीकरण एवंम् प्रवर्द्धन गर्न सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने भएको हुँदा उक्त कर्जा लिन ईच्छुक नगरबासी नागरिकहरुले यही मिति २०७७।०८।२१ गतेदेखि मिति २०७७।०९।०५ गते भित्रमा आफूले स्थायी बसोवास गरेको सम्बन्धित वडा कार्यालयमा तोकिएको ढाँचाको ऋण आवेदन फाराममा आवश्यक सम्पूर्ण विवरणहरु समावेश गरी आवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरीएको छ ।

लक्षित वर्ग पहिचानका आधारहरु:

क) आफ्नो वा आफ्नो एकाघर परिवारका सदस्यको नियमित आयस्रोत नभई वर्षभरि खान लाउन नपुग्ने परिवार,

ख) सरकारी निकाय वा अन्य बैंक तथा वित्तीय संस्थाबाट एउटै उद्देश्यका लागि ऋण लिई तिर्न बाकी नभएको व्यक्ति वा परिवार वा फरक उद्देश्यका निमित्त ऋण लिएको भए नियमित सावा ब्याज बुझाई रहेको व्यक्ति वा परिवार,

ग) एकल महिला, पारिवारिक आश्रय बिना रहेको व्यक्ति,

घ) आय आर्जनको व्यवहारिक कार्ययोजना भएको तर धितो राख्न असमर्थ व्यक्ति वा परिवार ।

आवश्यक कागजातहरु:

क) नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

ख) बसाईसराई गरी आएको भए बसाईसराई प्रमाणपत्रको प्रतिलिपि,

ग) सीप/तालिम वा कार्य अनुभव भए सो प्रमाणित हुने कागजात ।

**पुनश्चः** *माथि उल्लेखित लक्षित वर्गहरुलाई पहिलो प्राथमिकता दिईनेछ । साथै पूर्ण रुपमा आवश्यक विवरणहरु नभरिएका वा आवश्यक कागजात अपुग भएका आवेदन फारामहरु स्वत: रद्द भएको मानिनेछ ।*

..............
[illegible]कुमार न्यौपाने
उपसचिव

"हरित नगर, समृद्ध दमक"

# दमक नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
दमक-झापा
१ नं. प्रदेश, नेपाल

☎ : ०२३-५८००४४, ५८०१३७
५८०५०२, ५८१०५३
फ्याक्स नं. : ०२३-५८०१४६
www.damakmun.gov.np
info@damakmun.gov.np

प.सं.
च.नं. ८६८२

मिति: २०७७।०८।२१

श्री वडा कार्यालयहरु (सबै),
दमक नगरपालिका ।

विषय: ऋण आवेदन फाराम संकलन सम्बन्धमा ।

प्रस्तुत विषयमा दमक नगर युवा स्वरोजगार कोष कार्यक्रम संचालन कार्यविधि, २०७६ बमोजिम सहुलियत कर्जा प्रवाह गर्दै लक्षित वर्गको उद्यमशील क्षमता विकास गरी रोजगार एवंम् स्वरोजगार बनाउने लक्ष्य अनुसार उक्त कर्जा लिन ईच्छुक व्यक्तिहरुका लागि आवेदन माग गरीएको हुँदा सम्बन्धित वडा कार्यालयमा स्थायी बसोबास गर्ने नेपाली नागरिकहरुको यसै पत्रसाथ संलग्न तोकिएको ढाँचाको ऋण आवेदन फाराम मिति २०७७।०८।२१ गतेदेखि मिति २०७७।०९।०५ गते सम्म संकलन गरी कोषको सचिवालय दमक नगरपालिकामा पेश गर्नु हुन जानकारीका लागि अनुरोध छ ।

..........................
...शकुमार न्यौपाने
उपसचिव
...धिकृत: दशौं तह